nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक
20°C । वर्ष :११, अंक : १६२ पृष्ठ ४ । शनिबार ०२ फागुन २०८२ । SATURDAY, FEBRUARY 14, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## संकटदेखि संरचनासम्म : पर्सा-१ मा प्रदीप यादवको सक्रिय भूमिका



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

पूर्व खानेपानी मन्त्री तथा पर्सा क्षेत्र नम्बर १ बाट दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा एमालेका उम्मेदवार प्रदीप यादवले आफ्नो दुई कार्यकालमा निर्वाचन क्षेत्रमा पाँच दर्जनभन्दा बढी विकास आयोजना अघि बढाएको दाबी गरिएको छ । तीमध्ये धेरै आयोजना सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने केही निर्माणाधीन अवस्थामा रहेका छन् । केही योजनाहरू शिलान्यास भई कार्यान्वयन प्रक्रियामा छन् । २०७४ र २०७९ को निर्वाचनमा विजयी भएका पूर्व सांसद यादवले दुवै कार्यकालमा खानेपानी, सडक, नाला, विद्यालय, अस्पताल तथा दलित आवासलगायत क्षेत्रमा करोडौं रुपैयाँ बराबरका आयोजना ल्याएको उनका स्वकीय सचिव हरेन्द्र साहले जानकारी दिए । साहका अनुसार, "पर्सा जिल्लामा प्रदीप यादवको पहिचान भाषणले होइन, कामले बनेको हो । जनताको सुख-दुःखमा सधैं साथ दिने र संकटका बेला अग्रपंक्तिमा उपस्थित हुने उहाँको विशेषता हो । विकासका सवालमा पनि परिणाममुखी काम भएको छ ।" वीरगञ्जमा खानेपानी अभाव चुलिँदा होस् वा हैजाको महामारी फैलिँदा, यादव जनताकै बीचमा पुगेर सेवा गरेको साहले बताए । वन तथा वातावरण मन्त्री, खानेपानी मन्त्री र स्वास्थ्य तथा जनसंख्या मन्त्रीको जिम्मेवारी सम्हाल्दा पनि उनले आफ्नो क्षेत्रसँग दूरी नबनाएको दाबी गरिएको छ । मन्त्रालयको नेतृत्वमा रहँदा समेत वीरगञ्ज र पर्साका मुद्दालाई प्राथमिकतामा राख्दै विकासको आधार तयार पारेको उनको भनाइ छ । **अर्बौंका योजना पर्सा-१ मा** वीरगञ्जमा विगत केही वर्षदेखि गर्मीयाममा दोहोरिने खानेपानी संकट समाधान गर्न करिब साढे चार सय करोड रुपैयाँ लागतको दीर्घकालीन खानेपानी आयोजना अगाडि बढाइएको छ । यसबाहेक सडक, ढलान, नाला, विद्यालय भवन तथा धार्मिक-सांस्कृतिक पूर्वाधार निर्माणमा उल्लेखनीय बजेट विनियोजन भएको जनाइएको छ । वीरगञ्ज-१८ इनर्वा गाउँदेखि भवानीपुर हुँदै ड्राइपोर्टसम्म सडक स्तरोन्नतिका लागि ३ करोड रुपैयाँ छुट्याइएको थियो । यसले स्थानीय

बाँकी तेश्रो पृष्ठमा⇨

## लोसपा पर्साका जिल्ला अध्यक्षसहित १५० भन्दा बढी नेता-कार्यकर्ता कांग्रेसमा प्रवेश



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पर्साका जिल्ला अध्यक्ष रामचन्द्र पडित तथा नेता चन्द्रिका सोनार नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । उनीहरूलाई नेपाली कांग्रेसका नेता रमेश रिजालले आफ्नै निवासमा टीका तथा अबीर लगाएर पार्टीमा स्वागत गरेका हुन् । अध्यक्ष पडित र सोनारसहित करिब १५० भन्दा बढी समर्थक तथा लोसपाका नेता-कार्यकर्ताहरू समेत नेपाली कांग्रेसमा समाहित भएका छन् । यस प्रवेशसँगै पर्सा निर्वाचन क्षेत्र नं. ४ मा नेपाली कांग्रेस थप सुदृढ बनेको नेता रिजालले बताएका छन् । उनी नेपाली कांग्रेस पर्सा निर्वाचन क्षेत्र नं. ४ का उम्मेदवारसमेत हुन् । पार्टी प्रवेश कार्यक्रमपछि आफ्नै निवासमा आयोजित भेटघाट तथा छलफल कार्यक्रममा नेता रिजालले क्षेत्र नं. ४ मा नेपाली कांग्रेस दिनप्रतिदिन बलियो बन्दै गएको दाबी गरे । नवप्रवेशी नेताहरूले पर्सा निर्वाचन क्षेत्र नं. ४ मा नेता रिजालको विकल्पमा अन्य कुनै उम्मेदवार नरहेको उल्लेख गरे । उनीहरूले नेपाली कांग्रेसको विचार र सिद्धान्त सही तथा जनमुखी रहेको बताउँदै मधेशवादी दलमा रहेर मधेशको हकहित र विकासका लागि प्रभावकारी रूपमा काम गर्न कठिन भएको अनुभवका आधारमा कांग्रेस रोजेको स्पष्ट पारे । यस प्रवेशसँगै पर्सा निर्वाचन क्षेत्र नं. ४ मा नेपाली कांग्रेसको जित सुनिश्चित भएको दाबीसमेत नेताहरूले गरेका छन् ।

## बलीरामपुर र फुलवरियामा अरविन्द साहको घरदैलो बारा-३ लाई नमुना क्षेत्र बनाउने प्रतिबद्धता



**बारा, ०१ फागुन ।**

बारा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार ई. अरविन्द साहले बलीरामपुर र फुलवरिया टोलमा घरदैलो अभियान सञ्चालन गर्दै मतदातासँग प्रत्यक्ष भेटघाट तथा संवाद गरेका छन् । घरदैलोका क्रममा उनले स्थानीयवासीका समस्या, अपेक्षा र सुझाव सुन्दै विकास, रोजगारी तथा युवाको भविष्यलाई केन्द्रमा राखेर आफ्ना योजनाबारे जानकारी गराएका हुन् । घर-घरमा पुगेर साहले क्षेत्रका सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य सेवा, कृषि तथा रोजगारीसँग सम्बन्धित चुनौतीबारे छलफल गर्दै समाधानका लागि व्यवहारिक योजना प्रस्तुत गरे । उनले सीपमूलक तालिमको विस्तार, साना तथा घरेलु उद्यमको प्रवर्द्धन र स्थानीय स्रोत-साधनको प्रभावकारी उपयोगमार्फत रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यसै अवसरमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै साहले बारा-३ लाई परिवर्तन र विकासको दृष्टिले उदाहरणीय क्षेत्र बनाउने लक्ष्य रहेको बताए । "म राजनीति मात्र गर्न होइन, परिणाममुखी काम गर्न मैदानमा आएको हुँ । हाम्रो क्षेत्रलाई शिक्षा, रोजगारी र पूर्वाधार विकासका हिसाबले नमुना बनाउने अठोट लिएको छु," उनले उल्लेख गरे । उनले युवामैत्री कार्यक्रम, सुशासन र जनसहभागितामा आधारित विकासलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै भने, "युवाको विदेश पलायन बाध्यता होइन, विकल्प बन्नुपर्छ । यहीं अवसर सिर्जना गरेर आफ्नै ठाउँमा भविष्य निर्माण गर्ने वातावरण तयार पार्नु हाम्रो दायित्व हो ।" कार्यकर्ता भेलामा उनले संगठन सुदृढ गर्दै जनताको आवाजलाई सशक्त रूपमा संसदसम्म पुऱ्याउने प्रतिबद्धता जनाए । घरदैलो अभियानका क्रममा स्थानीयवासीले कृषि बजारको व्यवस्थापन, खानेपानी समस्या, रोजगारीका अवसर तथा आधारभूत विकासका विषयमा आफ्ना धारणा र सुझाव राखेका थिए । चुनावी अभियानलाई थप सक्रिय बनाउँदै साहले आगामी दिनहरूमा पनि विभिन्न बस्ती तथा टोलमा घरदैलो, अन्तरक्रिया र जनभेटघाट कार्यक्रमलाई निरन्तर अघि बढाउने बताएका छन् ।

## एकटाँगामा अशोक टेमानीको घरदैलो खानेपानी-स्वास्थ्य-कृषि सुधारलाई प्राथमिकता दिने प्रतिबद्धता



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

जनता समाजवादी पार्टी (जसपा)का तर्फबाट पर्सा निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीले पर्सागढी नगरपालिका वडा नं. ९ एकटाँगा क्षेत्रमा घरदैलो अभियानलाई तीव्रता दिएका छन् । बुधबार एकटाँगा पुगेका टेमानीले घर-घरमा पुगेर स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूका समस्या, गुनासा र अपेक्षाबारे जानकारी लिएका हुन् । घरदैलोका क्रममा स्थानीयवासीले खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रका समस्यालाई प्रमुख रूपमा उठाएका थिए । ग्रामीण भेगमा आधारभूत सेवासमेत पर्याप्त रूपमा उपलब्ध नभएको उनीहरूको गुनासो थियो । स्थानीयका अनुसार शुद्ध खानेपानीको समस्या अझै समाधान हुन सकेको छैन । कतिपय टोलमा धारा तथा पाइपलाइनको व्यवस्था कमजोर रहेको र गर्मी याममा पानीको अभाव झनै गम्भीर बन्ने गरेको उनीहरूले बताए । दैनिक उपभोगका लागि समेत पानी जुटाउन कठिनाइ हुने अवस्था रहेको गुनासो गरिएको थियो । शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयमा शिक्षक अभाव, कमजोर भौतिक संरचना तथा शैक्षिक सामग्रीको कमीले बालबालिकाको पढाइ प्रभावित भइरहेको स्थानीयको भनाइ छ । माध्यमिक तहपछि अध्ययन जारी राख्न विद्यार्थीलाई टाढा जानुपर्ने बाध्यता रहेको पनि उनीहरूले बताएका छन् । स्वास्थ्य सेवाको अवस्था पनि सन्तोषजनक नरहेको स्थानीयले बताए । सामान्य उपचारका लागि समेत टाढाको स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यता रहेको, स्वास्थ्य चौकीमा आवश्यक औषधि, उपकरण तथा दक्ष जनशक्तिको अभाव हुँदा बिरामीले समयमै सेवा नपाउने समस्या रहेको उनीहरूको भनाइ थियो । आकस्मिक अवस्थामा एम्बुलेन्स र तत्काल उपचारको व्यवस्था नहुँदा झन् कठिनाइ हुने गरेको उल्लेख गरिएको छ । कृषि क्षेत्रमा पनि मल, उन्नत बीउ तथा सिँचाइको अभाव, साथै उत्पादन भएको बालीको उचित मूल्य नपाउने समस्याले किसान मारमा परेको गुनासो गरिएको थियो । कृषि मुख्य पेशा भए पनि आवश्यक पूर्वाधार र सहयोग नहुँदा जीवनयापन कठिन बन्दै गएको स्थानीय किसानहरूले बताएका छन् । स्थानीयका समस्या सुनेपछि उम्मेदवार टेमानीले आफू निर्वाचित भएमा खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । ग्रामीण क्षेत्रको समुचित विकास बिना समग्र क्षेत्रको समृद्धि सम्भव नहुने उल्लेख गर्दै उनले आधारभूत आवश्यकताको पूर्तिका लागि योजनाबद्ध रूपमा अघि बढ्ने बताए । टेमानीले जनताको सुझाव र गुनासालाई आफ्नो चुनावी एजेन्डामा समेट्ने जनाउँदै घरदैलो अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने जानकारी दिए । कार्यक्रममा वृद्धदेखि युवासम्मको उल्लेखनीय सहभागिता देखिएको थियो । चुनाव नजिकिँदै जाँदा गाउँ-गाउँमा राजनीतिक गतिविधि बढ्दै गएको र मतदाताको चासोसमेत उल्लेखनीय रूपमा वृद्धि भएको देखिएको छ ।

## कारागारको सुरक्षा जिम्मा नेपाली सेनालाई

सर्लाही सर्लाही,०१ फागुन ।

सर्लाहीको मलंगवास्थित जिल्ला कारागार कार्यालय मलंगवाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले सम्हालेको छ । बिहीबार साँझ ५ बजेदेखि सेनाले कारागारको सुरक्षा व्यवस्थापन औपचारिक रूपमा आफ्नो जिम्मामा लिएको हो ।

मलंगवा सुरक्षा बेसबाट उपसेनानी जहेन्द्र सिंह ठगुन्नाको नेतृत्वमा २५ जना सैनिकको टोली कारागार सुरक्षाका लागि खटाइएको छ । यसअघि उक्त कारागारको सुरक्षा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्दै आएका थिए ।

## पर्सा-३ मा एमाले उम्मेदवार पाण्डेय घरदैलोमा व्यस्त



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-३ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रतिनिधिसभा सदस्य उम्मेदवार रुपेश कुमार पाण्डेयले घरदैलो अभियानलाई निरन्तरता दिएका छन् ।

आज उनले लहावरथकरि र मैनपुर क्षेत्रमा घरदैलो कार्यक्रम सञ्चालन गर्दै स्थानीय बासिन्दासँग प्रत्यक्ष भेटघाट तथा संवाद गरेका हुन् । अभियानका क्रममा उनले जनताका समस्या, आवश्यकता र अपेक्षा सुन्दै एमालेले अघि सारेका विकास, पूर्वाधार र समृद्धिका योजनाबारे जानकारी गराएका थिए । स्थानीयवासीहरूले विकास, रोजगारी सृजना, कृषि प्रवर्द्धन तथा समग्र क्षेत्रीय उन्नतिका लागि सक्षम नेतृत्व आवश्यक रहेको उल्लेख गरेका छन् ।

उनीहरूले उम्मेदवार पाण्डेयप्रति सकारात्मक प्रतिक्रिया व्यक्त गरेको प्रचार टोलीले जनाएको छ । उम्मेदवार पाण्डेयले जनताको साथ र विश्वासले आफूलाई थप जिम्मेवार र उत्साहित बनाएको प्रतिक्रिया दिए ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ प्रेस,वीरगंज-१२,पर्सा
Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## अख्तियारप्रतिको भरोसा

भ्रष्टाचार मुलुकको सबैभन्दा ठुलो चुनौती बनेको छ । केन्द्रदेखि वडा कार्यालयसम्म भ्रष्टाचारको सञ्जालले स्वाभिमान र नैतिक धरातललाई नै ओझेलमा पारेको छ । भ्रष्टाचार गर्ने र भ्रष्टाचार गराउने दुवै राष्ट्रका शत्रु हुन् । यिनलाई राज्यले कडा कारबाही गर्न नसक्नु विडम्बना हो । समाजमा ठुला भ्रष्टाचारीकै मान, सान र रजगज छ । समाजले उनीहरूलाई बहिष्कार गर्न नसक्दा भ्रष्टाचारी प्रवृत्तिले मुलुक खोक्रो बनेको छ । एकल प्रयासले भ्रष्टाचार नियन्त्रण सम्भव छैन । राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचारविरुद्धको लडाइँ कुनै एक संस्थाको मात्र जिम्मेवारी नभएर राज्यका सबै अङ्ग, राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिक समाजको संयुक्त प्रतिबद्धताबाट मात्र सफल हुने बताउनुभएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औँ स्थापना दिवसका अवसरमा बुधबार काठमाडौँमा आयोजित कायृक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो धारणा व्यक्त गर्नुभएको हो । अख्तियार दुरुपयोगविरुद्धको सङ्घर्ष न्याय, समानता र सुशासनको पक्षमा उभिने सङ्घर्ष भएको बताउँदै राष्ट्रपति पौडेलले यही सङ्घर्षमार्फत मात्र नागरिकको विश्वास पुनर्स्थापित गर्न, लोकतन्त्रलाई सुदृढ बनाउन र भावी पुस्तालाई स्वच्छ, सक्षम र भरोसायोग्य राज्य हस्तान्तरण गर्न सकिने स्पष्ट गर्नुभएको छ । अख्तियार दुरुपयोग कुनै सामान्य त्रुटि नभएर राज्यको वैधानिकता र सामाजिक न्यायमाथिको गम्भीर चुनौती बनेको छ । शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहिताबाट मुक्त हुँदैन भन्ने विश्वास आमनागरिकमा दिलाउने गरी आयोगले काम गर्नु पर्छ । सार्वजनिक शक्ति व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्दा राज्यले नागरिकमाथि गरेको विश्वास मात्र होइन, नागरिकले राज्यप्रति राखेको भरोसा पनि कमजोर बन्ने गरेको छ । भ्रष्टाचार नियन्त्रणका लागि पर्याप्त संरचना तथा कानुनी र नीतिगत व्यवस्था रहे पनि अपेक्षाकृत रूपमा भ्रष्टाचार नियन्त्रण हुन नसक्नु गम्भीर चिन्ताको विषय हो । पर्याप्त संरचना र कानुन हुँदाहुँदै पनि किन भ्रष्टाचार नियन्त्रण हुन सकिरहेको छैन ? किन भ्रष्टाचार निवारणकै माग राखी जेनजीले गत भदौ २३ र २४ गते सडकमा आन्दोलन गर्नु पऱ्यो ? सर्वत्र प्रश्न उठेको छ । सबैले बुझ्नुपर्ने र मनन पनि गर्नुपर्ने कुरा के छ भने भ्रष्टाचार नियन्त्रणको प्राथमिक जिम्मेवारी सरकारकै हो, कार्यकारी अङ्गकै हो । प्रधानमन्त्री सुशीला कार्कीले भन्नुभयो, “जबसम्म हामी भ्रष्टाचार नियन्त्रणका लागि कार्यकारी अङ्गभन्दा बेग्लै संरचनातिर मुख ताकेर बस्छौँ, तबसम्म आफूभित्र चाहेको सुधार गर्न सक्ने छैनौँ । यस्तो मान्यता, चेतना र जिम्मेवारीबोध प्रत्येक राष्ट्रसेवक कर्मचारी, राजनीतिक नेतृत्व र अन्य सरोकारवालामा पनि हुनु जरुरी छ ।” अवाञ्छित सुविधा लिने र राज्यको स्रोतसाधन दुरुपयोग गर्नेविरुद्ध सरकार निर्मम ढङ्गले प्रस्तुत हुनै पर्छ । सार्वजनिक सेवा प्रवाह सहज छैन । यसैमा भ्रष्टाचार हुने जनगुनासो छ । त्यसैले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्रलगायत सार्वजनिक सेवा सरल, शीघ्र, सुलभ ढङ्गले प्रदान गर्न सरकार संवेदनशील बन्नु पर्छ । भ्रष्टाचारविरुद्धका कारबाहीलाई तीव्र पार्न राज्यका भएकै संरचनालाई पूर्ण व्यावसायिक स्वतन्त्रताका साथ सक्रिय हुन प्रेरित गर्नु पर्छ । जेनजीले मात्र होइन, आमनेपाली नागरिकले चाहेको सुशासन र भ्रष्टाचारमुक्त नेपाल निर्माणका लागि अहिलेका प्रयास पर्याप्त छैनन् । अझै कठोर र निर्मम ढङ्गले कदम चाल्नुपर्ने आवश्यकता छ ।आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आयोगको भूमिका अग्रणी रहेको भए पनि आयोग एक्लैको प्रयासले मात्र यो सम्भव नहुनेमा जोड दिनुभएको छ । आज भ्रष्टाचारको बदलिँदो स्वरूप र शैलीलाई सम्बोधन गर्न आधुनिक उपकरणको प्रयोग, अनुसन्धानका नवीनतम प्रविधिको अवलम्बन र दक्ष जनशक्तिको विकास गर्नु पर्छ । सार्वजनिक पद धारण गरेका पदाधिकारीले कानुनले दिएको जिम्मेवारी इमानदारी साथ पूरा गर्दै कुनै भ्रष्टाचारजन्य गतिविधि नगर्ने हो भने भ्रष्ट प्रवृत्ति त्यहीँबाट नियन्त्रण सुरु हुन्छ । आमनागरिकको भरोसा बनेको आयोगले संविधान र प्रचलित कानुनले तोकेको जिम्मेवारी इमानदारी साथ पूरा गर्नु पर्छ । भूमि र राजस्व प्रशासनमा ठुलो विकृति बढेको छ । सरकारी र सार्वजनिक सम्पत्तिमाथि दोहन रोकिएको छैन । भन्सार मूल्याङ्कन प्रणाली वास्तविक कारोबार मूल्यमा आधारित छैन । सीमानाका र आन्तरिक बजारबाट राजस्व चुहावट भइरहेको छ । जिम्मेवार निकायले कानुनविपरीत राजस्व छुट दिने र न्यून बीजकीकरण गरी राजस्व छली गर्ने क्रम जारी छ । आयोगमा प्राप्त उजुरीमध्ये ५० प्रतिशतभन्दा बढी स्थानीय र प्रदेश तहसँग सम्बन्धित छन् । यस तथ्यले भ्रष्टाचार वडासम्मै मौलाएको देखाउँछ ।

# घोषणापत्रमा शिक्षा पुनर्जागरणको बहस



**स्वस्तिका श्रेष्ठ**

२१ फागुनको निर्वाचनका लागि उम्मेदवारहरू आफ्नो घोषणापत्र लिएर जनतासमक्ष पुगिरहेका छन् । उनीहरू आफ्नो एजेन्डा सुनाइरहेका छन् । यतिबेला कान्तिपुरले भने जनताको एजेन्डा दल र उम्मेदवारलाई सुनाउनका लागि विशेष शृंखला ककान्तिपुर विमर्श: नागरिक घोषणापत्र’ सुरु गर्दैछ । तपाईंहरूले पनि खास क्षेत्रमा केन्द्रित रहेर यस शृंखलाका लागि घोषणापत्र लेख्न सक्नुहुनेछ । तथ्य, तथ्यांक र तर्कयुक्त घोषणापत्रलाई हामी स्थान दिनेछौं ।) नेपाल आज महत्त्वपूर्ण राजनीतिक मोडमा उभिएको छ । ‘जेन-जेड’ को शक्तिशाली आन्दोलनले जवाफदेहिता, गरिमा र भ्रष्टाचार तथा दण्डहीनता मुक्त भविष्यको माग गर्दै उठाएको आवाज हाम्रो लोकतन्त्रको अपूरो यात्राको स्मरण थियो । र, नागरिक तथा राज्यबीचको विश्वास पुनर्निर्माण गर्नुपर्ने तत्काल आवश्यकताको संकेत पनि । देश निर्वाचनतर्फ अघि बढ्दै गर्दा अब राजनीतिक दलहरूले यथास्थितिबाट बाहिर निस्केर वास्तविक राजनीतिक इच्छाशक्ति र रूपान्तरणको स्पष्ट प्रतिबद्धतासहित नागरिकका अधिकार सुनिश्चित गर्ने दिशामा अघि बढ्नुपर्नेछ । यस सन्दर्भमा नेपालको लोकतान्त्रिक भविष्यसँग सबैभन्दा गहिरो रूपमा जोडिएको एजेन्डामध्ये सार्वजनिक शिक्षाको भविष्यभन्दा निर्णायक अर्को केही छैन । नेपालको सार्वजनिक विद्यालयको कुरा गर्दा यो स्मरण गर्न आवश्यक छ सार्वजनिक विद्यालय स्थानीय समुदायहरूको इच्छाशक्ति, सहकार्य र दृढ संकल्पबाट जन्मिएको हो । राणा शासनपछिका दशकहरूमा देशभरिका परिवार र गाउँका अगुवाहरूले भूमि, श्रम र स्थानीय स्रोतमाथि योगदान गर्दै विद्यालय स्थापना गरे, जहाँ राज्यको उपस्थिति न्यून थियो । विद्यालयहरू प्रायः सामुदायिक स्थानहरूमा सुरु गरिन्थे र राष्ट्रिय शिक्षा प्रणाली अस्तित्वमा आउनुअघि नै सामूहिक प्रयासबाट टिकाइन्थे । पछि सन् १९७१ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामार्फत राज्यले शिक्षा प्रणालीलाई केन्द्रीकरण गर्दै पाठ्यक्रम, जनशक्ति र प्रशासनलाई मानकीकरण गऱ्यो । यसले देशव्यापी पहुँच विस्तार गऱ्यो, तर साथसाथै प्रशासनिक व्यवस्थापनको सीमितता पनि उजागर गऱ्यो– स्थानीय जवाफदेहिता कमजोर रह्यो र समुदायका आवश्यकताप्रति उत्तरदायित्व घट्यो । २००० को दशकको सुरुवातसँगै नेपालले पुनः विद्यालयहरूलाई समुदाय व्यवस्थापनमा फर्काउने नीति लियो, जस्तै २००१ को शिक्षा ऐनको सातौं संशोधन, जसले समुदायलाई शिक्षा सेवाका लाभग्राही मात्रै होइन, यसको अनिवार्य संरक्षकका रूपमा स्वीकार गऱ्यो ।तर, यो प्रणालीले पनि शिक्षाको गुणस्तर र पहुँचका समकालीन चुनौतीहरू पूर्ण रूपमा समाधान गर्न सकेको छैन । स्रोतको अभाव, जवाफदेहिताको कमजोरी, प्रशासनिक उदासीनता, बदलिँदो पारिवारिक, सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले ल्याएका जटिल प्रश्नहरू अझै पनि हाम्रो सामुदायिक विद्यालयहरूको काँधमा छन् । यी विद्यालय आज पनि ती चुनौतीहरूसँग जुध्दै सम्भावनाको उज्यालो जोगाइरहेका छन् । तर आज जब राजनीतिक दलहरू शिक्षामा रूपान्तरणको सपना कोर्दै छन्, त्यही इतिहास स्मरण गर्नु झन् आवश्यक छ । किनकि नेपालका विद्यालयहरू कुनै नीति दस्तावेजबाट मात्रै जन्मिएका होइनन्, उनीहरू समुदायको चाहना, विश्वास र सामूहिक संकल्पबाट उभिएका हुन् । अब आउने घोषणापत्रहरूले समुदायलाई समस्याका रूपमा होइन, अग्रज र सहयात्रीका रूपमा हेर्न सक्नुपर्छ । किनकि उनीहरूको योगदानको जगमै नेपालको शिक्षा प्रणालीको पहिलो इँटा राखियो र त्यसपछि सम्भव भएका धेरै राष्ट्रिय उपलब्धिको यात्रा अघि बढ्यो ।

राष्ट्रिय पठन तथा संख्यात्मकता मूल्यांकन- २०२० ले अझै गम्भीर आधारभूत खाडल पुष्टि गर्छ । कक्षा ३ का विद्यार्थीहरूको औसत पठन उपलब्धि ४३.५ प्रतिशत र संख्यात्मकता ३७.२ प्रतिशत मात्रै छ र ९० प्रतिशतभन्दा बढी विद्यार्थी न्यूनतम पठन प्रवाह स्तरमा पुग्न असफल छन् । १० प्रतिशत विद्यार्थीले त एक शब्द पनि सही रूपमा पढ्न सकेनन् ।यसै आधारमा टेकेर नेपालले पछिल्ला दुई दशकमा शिक्षामा पहुँच विस्तारमा उल्लेखनीय प्रगति गरेको छ । सहस्राब्दी विकास लक्ष्यहरू अन्तर्गत विशेषतः प्राथमिक शिक्षाको सार्वभौमिकतासम्बन्धी एम.ड.जी-२ मा नेपालले प्राथमिक तहमा लगभग सार्वभौमिक भर्ना हासिल गऱ्यो । सन् २००० मा ८१ प्रतिशत रहेको प्राथमिक तहको शुद्ध भर्नादर २०१५/१६ सम्म आइपुग्दा ९६.६ प्रतिशत पुगेको छ । र, छात्रा सहभागिताले छात्रसँग बराबरी गर्दै लैंगिक समानता पनि प्रायः हासिल भएको छ । कक्षा ५ सम्मको टिकाइ दर पनि उल्लेखनीय रूपमा सुधार हुँदै एम.डी.जी. अवधिको अन्त्यतिर झन्डै ८९ प्रतिशत पुगेको छ । यी उपलब्धि नेपालका सबैभन्दा महत्त्वपूर्ण सामाजिक विकासमा भएका सफलता हुन्, जहाँ सार्वजनिक लगानी, समुदाय स्वामित्व र राष्ट्रिय प्रतिबद्धताले लाखौं बालबालिकालाई विद्यालयसम्म ल्याएको छ । र, विशेषतः छात्रा तथा सीमान्तकृत समूहका लागि पहुँचको ऐतिहासिक खाडल कम गरेको छ । आज नेपालको सबैभन्दा ठूलो शिक्षा चुनौती बालबालिकालाई विद्यालय

बाँकी तेश्रो पृष्ठमा➩

# “प्रधानमन्त्री” होइन, “प्रणाली” को बहस

**कृष्णध्वज बस्नेत**


नेपालमा लोकतन्त्र छ त भनिन्छ तर व्यवहारमा भने यो केही पात्रहरूको निजी सम्पत्ति जस्तो देखिन थालेको छ । चुनाव आउँछ, अनुहार बदलिन्छ, नाराहरू फेरिन्छन् तर शासनको शैली उही रहन्छ । किनकि यहाँ लोकतन्त्र प्रणालीका लागि होइन, व्यक्तिका लागि अभ्यास हुँदै आएको छ । व्यक्तिकेन्द्रित राजनीति केवल नेतृत्वको समस्या मात्र होइन, यो नागरिक चेतनाको पनि गम्भीर संकट हो ।जब नागरिकले प्रणालीका विषयमा प्रश्न उठाउन छोड्छन् र ‘को आयो ?’ मा सीमित हुन्छन्, तब लोकतन्त्र स्वभावतः कमजोर बन्छ । नेपालमा लामो समयदेखि चुनावलाई नागरिक दायित्वभन्दा पनि भाग्य बदल्ने अवसरजस्तो हेर्ने प्रवृत्ति विकसित भएको छ । यसले नीति र प्रणालीमाथिको बहसभन्दा व्यक्तिको करिश्मालाई प्राथमिकता दिएको छ । यही प्रवृत्ति लोकतान्त्रिक मूल्य-मान्यताको सबैभन्दा प्रधान शत्रु बनेको छ । लोकतन्त्रको मर्म भनेको शक्तिलाई व्यक्तिबाट संस्थातर्फ संस्थागत गर्नु हो । तर नेपालको हकमा लोकतन्त्रको यात्रा ठीक विपरीत दिशामा अघि बढिरहेको छ । राजनीतिक संस्थाबाट व्यक्तिकेन्द्रित शासनतर्फ अघि बढिरहेको छ । अझ चिन्ताजनक पक्ष के छ भने व्यक्ति हाबी हुँदा स्वतन्त्र भनिएका संस्थाहरू क्रमशः कब्जामा पर्न थाल्छन् । संवैधानिक निकाय, विश्वविद्यालय, सार्वजनिक सेवा आयोगदेखि अदालतसम्म राजनीतिक भागबन्डाको प्रभाव देखिनु लोकतन्त्रका लागि खतराको संकेत हो । जब नियुक्ति योग्यताको आधारमा होइन, निकटताका आधारमा हुन्छ, तब संस्था स्वतन्त्र नभई सत्ता विस्तारको उपकरण बन्छ । यसले नागरिकको राज्यप्रतिको भरोसा क्षय गर्छ । यहाँ विधिको शासन होइन, इच्छा चल्छ । नीति-नियम होइन, नेतृत्वकर्ताको मुड निर्णायक बन्छ । यस्तो अवस्थामा कागजी व्यवस्थामा मात्र लोकतन्त्र सीमित हुन्छ । कांग्रेस, जसले आफूलाई लोकतन्त्रको संरक्षक ठान्छ, स्वयं आन्तरिक लोकतन्त्रको अभ्यासमा असफल देखिन्छ । पार्टीभित्र नेतृत्व परिवर्तनको कुरा उठ्नासाथ अस्थिरताको डर देखाइन्छ । मानौं, नेतृत्व फेरिनु लोकतन्त्रको स्वाभाविक प्रक्रिया नभई संकटको संकेत हो । विचारको प्रतिस्पर्धा हुनुपर्ने ठाउँमा गुटगत सन्तुलन र शक्ति गणित हाबी हुन्छ । वंश र विरासतलाई अनुभवको पर्याय बनाइन्छ, पहुँचलाई क्षमताभन्दा माथि राखिन्छ र नीति बहसभन्दा व्यक्ति वरिपरि राजनीति घुमाइन्छ । यसले कांग्रेसलाई केवल संगठनात्मक रूपमा होइन, वैचारिक रूपमा पनि कमजोर बनाएको छ । नयाँ पुस्ताको ऊर्जा र आलोचनात्मक सोचलाई ‘अपरिपक्व’ भनेर पन्छाइन्छ, जबकि असफल नेतृत्वलाई ‘अनुभवी’ का नाममा निरन्तरता दिइन्छ । पार्टीभित्र संस्थागत स्मृतिभन्दा व्यक्तिको प्रभाव बलियो बन्दा निर्णय प्रक्रिया अपारदर्शी हुँदै गएको छ । लोकतन्त्रको अभ्यास आफूभित्र गर्न नसक्ने पार्टीले बाहिर लोकतन्त्रको रक्षा गर्छु भन्नु आफैंमा ठूलो विडम्बना मात्र होइन, राजनीतिक नैतिकताको संकट पनि हो ।

त्यसैगरी एमाले पार्टीको अवस्था अझ स्पष्ट छ । जनताको बहुदलीय जनवाद र समाजवादका ठूला नाराबीच पार्टी क्रमशः एक व्यक्तिको राजनीतिक छायामा सीमित हुँदै गएको छ । ओलीकेन्द्रित निर्णय र शासन प्रणालीले असहमतिको स्थान साँघुरो बनाएको छ । पार्टी संरचना विचार उत्पादन गर्ने थलोभन्दा नेतृत्वको प्रशंसा गर्ने मञ्चमा रूपान्तरण भएको छ । यसले केवल पार्टी होइन, संसद् र समग्र राजनीतिक संस्कृतिलाई नै क्षति पुऱ्याएको छ । लोकतन्त्रमा असहमति शक्ति हो, कमजोरी होइन । तर नेपाली राजनीतिक संस्कृतिमा असहमति अझै पनि अस्थिरता वा षड्यन्त्रका रूपमा चित्रित हुन्छ । दलभित्रै फरक मत राख्नेहरूलाई कारबाही, बहिष्कार वा मौन गराउने प्रवृत्तिले विचार उत्खनन हुने पर्यावरणलाई रोक्छ । जब बहस मर्छ, लोकतन्त्र स्वतः निष्प्राण बन्छ । नेतृत्वको आलोचना राष्ट्रघात ठानिने संस्कार लोकतान्त्रिक होइन, सत्तावादी मानसिकताको अवशेष हो । माओवादी आन्दोलन त झन् आमूल परिवर्तनको प्रतीकका रूपमा उदाएको थियो । राज्य पुनःसंरचना, सामाजिक न्याय र नयाँ राजनीतिक संस्कृतिको सपना देखाइएको थियो । स्थापित सत्ता संरचनालाई चुनौती दिने यो आन्दोलनले उत्पीडित समुदायमा आशा र भरोसाको वातावरण सिर्जना गरेको थियो । तर सत्ता राजनीतिमा प्रवेश गरेपश्चात् नै आन्दोलनको आत्मा क्रमशः नेतृत्वको व्यक्तिगत महत्त्वाकांक्षामा हराउँदै गयो । परिवर्तनका नाराहरू सत्ता साझेदारीका सौदाबाजीमा सीमित भए भने वैचारिक प्रतिबद्धता व्यावहारिक राजनीतिमा कमजोर हुँदै गयो । माओका विचार बोकेको दाबी गर्ने प्रचण्डको राजनीतिक अभ्यास राष्ट्र निर्माण र संस्थागत सुधारभन्दा सत्ता व्यवस्थापन, गठबन्धनको गणित र राजनीतिक अस्तित्व जोगाउने रणनीतिमै सीमित रहन पुग्यो । आन्दोलनले उठाएका मुद्दाहरू नीति निर्माणको केन्द्रमा पुग्न सकेनन्, बरु सत्तामा पुग्ने माध्यमका रूपमा मात्र प्रयोग भए । हिजो आमूल परिवर्तनको प्रतीक बनेको आन्दोलन आज सत्ता टिकाउने खेलमा सीमित हुँदा स्वाभाविक रूपमा जनविश्वास मात्र माओवादी नेतृत्वबाट होइन, समग्र पुराना राजनीतिक दलहरूप्रति नै खस्किँदै गएको देखिन्छ । परिवर्तनका नाममा सत्ता राजनीति दोहोरिँदा जनताको अपेक्षा निराशामा रूपान्तरण हुनु दुर्भाग्यपूर्ण तर यथार्थ हो । नेपाली समाजले अवसर नपाएको होइन । नयाँ संविधान कार्यान्वयन भयो, संघीयता लागू भयो, समावेशी प्रतिनिधित्वको ढोका खोलियो । तर ती अवसरलाई प्रणालीगत सुधारमा रूपान्तरण गर्ने राजनीतिक इच्छाशक्ति देखिएन । यहाँ अझै पनि ‘राम्रा व्यक्ति आए सब ठीक हुन्छ’ भन्ने भ्रम पालिएको

बाँकी तेश्रो पृष्ठमा➩

# अन्तर्राष्ट्रिय समाचार

## इरानको तनावबीच पश्चिम एसियामा दोस्रो जहाज तैनाथ गर्दै अमेरिका



**काठमाडौं,०१ फागुन ।**

संयुक्त राज्य अमेरिकाले दोस्रो विमान वाहक, यूएसएस जेराल्ड आर फोर्ड, र यसको एस्कर्ट जहाजहरू क्यारिबियनबाट पश्चिम एसियामा तैनाथ गरिरहेको न्यु योर्क टाइम्सले शुक्रबार रिपोर्ट गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रमलाई लिएर वासिङ्टन र तेहरान बीच वार्ता चलिरहेको समयमा इरान विरुद्ध सैन्य कारबाही कै बिच तैनाथी विकास भएको जनाइएको छ । हाल अमेरिकाले इरान माथि आफ्नो आणविक कार्यक्रमलाई लिएर सम्झौता गर्न दबाब बढाइरहेको छ । न्युयोर्क टाइम्सले नाम न छाप्ने सर्तमा चार जना अमेरिकी अधिकारीहरूले तैनाथी पुष्टि गरेको जनाएका छन् ।

युएसएस फोर्ड स्ट्राइक समूहको नयाँ अर्डरले यसलाई पर्सियन खाडीमा युएसएस अब्राहम लिंकन क्यारियर स्ट्राइक समूहमा सामेल गन जनाइएको छ । युएसएस लिंकन विमान वाहक मिसाइल दुई हप्ता भन्दा पहिले पश्चिम एसियामा आइपुगेका थिए । अमेरिकी समाचारले युएसएस फोर्डको लडाकु विमानहरूले जनवरी - ३ मा काराकसमा भएको आक्रमणमा भाग लिएको र राष्ट्रपति निकोलस मादुरोलाई कब्जा गरेको रिपोर्ट गरेको थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको भेटपछि ट्रम्पले इरानले 'मिडनाइट ह्यामर' प्रहार गरेकाले सम्झौतामा पुग्न असफल भएको उल्लेख गर्दै तेहरानले यस पटक । जिम्मेवार तरिकाले कार्य गर्ने आशा गरेको बताएका छन् । सन् २०२५ जुन-२१ मा, 'अपरेसन मिडनाइट ह्यामर' अन्तर्गत, संयुक्त राज्य अमेरिकाले इरानी आणविक पूर्वाधार विरुद्ध आक्रमण गरी फोर्डो, नातान्ज र इस्फहानका तीन प्रमुख स्थलहरूलाई लक्षित गरेको जनाइएको छ । इरानले भने अमेरिकाले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रको बडापत्रको खुल्लमखुल्ला उल्लङ्घन गरेको भन्दै कारबाहीको माग गरेको छ । इरानी अधिकारी अली लारिजानीले अल जजिरासँगको अन्तर्वार्तामा ओमानमा वासिङ्टनसँग अप्रत्यक्ष वार्ता भइरहेको र संयुक्त राज्य अमेरिकाबाट अहिलेसम्म कुनै प्रस्ताव प्राप्त नभएको बताएका छन् । वार्ता प्रक्रियामा वासिङ्टनको प्रवेशलाई 'तर्कसंगत मार्ग' तिर अघि बढ्ने सङ्केतका रूपमा वर्णन गर्दै संयुक्त राज्य अमेरिकाले इरान प्रति सैन्य विकल्प भन्दा फरक दृष्टिकोण अपनाउनु पर्ने निष्कर्षमा पुगेको लारिजानीले उल्लेख गरेको इरानी मिडियाले जनाएको छ ।

यसबाहेक, उनले इरानलाई ऊर्जा र औषधिको उत्पादनका लागि संवर्धन आवश्यक रहेको भन्दै 'शून्य संवर्धन' को छलफललाई अस्वीकार गरेका छन् । उनले "यदि संयुक्त राज्य अमेरिकाले आक्रमण गर्यो यसको सैन्य आधार हरूलाई लक्षित गर्ने चेतावनी दिएको इरना समाचार एजेन्सीले जनाएको छ ।

## १३ वर्षीया छोरीलाई उत्तराधिकारी तोक्ने तयारीमा किम जोङ !



**काठमाडौं,०१ फागुन ।**

उत्तर कोरियाका राष्ट्रपति तथा सत्तारूढ दल वर्कर्स पार्टीका सर्वोच्च नेता किम जोङ उनले आफ्नी १३ वर्षीया छोरी किम जु एलाई उत्तराधिकारी तोक्ने तयारी गरेको दक्षिण कोरियाली गुप्तचर एजेन्सीले जनाएको छ । नेसनल इन्टेलिजेन्स सर्भिस (एनआईएस) ले बिहीबार दक्षिण कोरियाका सांसदलाई यसको जानकारी गराएको हो । उत्तर कोरियाले यसै महिनाको अन्त्यमा वर्कर्स पार्टीको भेला बोलाउँदै छ । यस भेलामा किमले आफ्ना प्रमुख नीतिगत लक्ष्य सार्वजनिक गर्ने आकलन गरिएको छ । त्यसक्रममा आफ्नो सत्तालाई बलियो बनाउने कदम पनि उनले चाल्न सक्ने अनुमान छ । प्रत्येक ५ वर्षमा यहाँ वर्कर्स पार्टीको भेला हुने गरेको छ । सांसदहरूलाई बन्द कोठामा 'ब्रिफ्रिङ' गर्दै एनआईएसका अधिकारीहरूले छोरी जु एलाई किमले आगामी पार्टी भेलामा हजारौं सदस्यसामु प्रस्तुत गर्न सक्ने बताए । दक्षिण कोरियाली सांसद ली सेङ क्वनले एपीसँग यस ब्रिफिङको पुष्टि गरेका छन् ।

जु ए पहिलो पटक नोभेम्बर २०२२ मा आफ्ना बुबासँगै सार्वजनिक भएकी थिइन् । जुनबेला उत्तर कोरियाले लामो दूरीको मिसाइल परीक्षण गरेको थियो । त्यसयता उनी हतियार परीक्षण, सैन्य परेड, कारखाना उद्घाटन जस्ता कार्यक्रममा बाबु किमसँगै देखिँदै आएकी छन् । गत सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी चिनपिङसँगको भेटवार्तामा पनि उनी किमसँगै देखिएकी थिइन् । गत महिना उनले प्योङयाङस्थित किम परिवारको समाधिस्थल कुमसुसान सन प्यालेस भ्रमण गरेकी थिइन् । यहाँ किमका हजुरबुबा र बुबाको शव राखिएको छ । सन् १९४८ मा उत्तर कोरियाको स्थापनासँगै यहाँ किम वंशले नै लगातार शासन गर्दै आइरहेको छ । किमका हजुरबुबा किम इल सुङ उत्तर कोरियाका संस्थापक नेता हुन् भने १९९४ मा उनको निधनपछि किम जोन इलले शासन सत्ता सम्हाले । २०१० मा आफ्नो स्वास्थ्य अवस्था बिग्रिएपछि इलले २६ वर्षका किम उनलाई उत्तराधिकारी तोकेका थिए । डिसेम्बर २०११ मा हृदयाघातले इलको निधन भएपछि किम उन जोङ सर्वोच्च नेता बने । तर उनीसँग राजनीतिको पर्याप्त अनुभव थिएन । यही कारण पनि उनले छोरीलाई राजनीतिमा अभ्यस्त गराउँदै लैजान खोजेको हुन सक्ने एनआईएसले जनाएको छ ।

उत्तर कोरियाली समाजमा पुरुषप्रधान नेतृत्वको परम्परागत मानक भंग गर्दै पछिल्लो समय किमकी बहिनी कि यो जोङ नेतृत्वदायी भूमिकामा सक्रिय छिन् । उनले दाजुको सल्लाहकारका रूपमा धेरै राजनीतिक निर्णयमा हस्तक्षेप गर्न सक्छिन् । सार्वजनिक कार्यक्रममा पछिल्लो समय किशोरावस्थाकी छोरी जु एको उपस्थिति पनि बढ्दो छ । 'विगतमा एनआईएसले जु एलाई उत्तराधिकारी प्रशिक्षणमा सरिक गराइएको जानकारी दिएको थियो । तर, आज उनीहरूले उत्तराधिकारी नियुक्ति चरणमा शब्द प्रयोग गरे,' लीले भने ।

पश्चिमा मिडियामा ठूलो चर्चा भए पनि उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले किम जोङ उनकी छोरीको नाम कहिल्यै प्रकाशित गरेको छैन । उनलाई राज्य नियन्त्रित मिडियाले 'सबैभन्दा प्रिय' सन्तान भनेर उल्लेख गर्ने गरेका छन् । पूर्व एनबीए स्टार डेनिस रोडम्यानले आफ्नो उत्तर कोरियाको गोप्य भ्रमण अनुभव सुनाउने क्रममा उनको नाम पहिलो पटक लिएका थिए । २०१३ मा प्योङयाङ भ्रमणका क्रममा आफूले किम जोङकी शिशु छोरीलाई बोकेको र उनको नाम किम जु ए रहेको बताएका थिए । दक्षिण कोरियाली गुप्तचर अधिकारीहरूले जु ए त्यही वर्ष जन्मिएको जनाएका छन् । २०२३ मा एनआईएस अधिकारीहरूले किम जोङ उन र उनकी पत्नीका तीन सन्तान रहेको सांसदहरूसँग बताएका थिए । जु एभन्दा जेठा एक छोरा छन् । तर, कान्छो सन्तान छोरा हुन् वा छोरी भन्ने दक्षिण कोरियाली गुप्तचरलाई पनि थाहा छैन । जेठो छोराका विषयमा पनि उनीहरूलाई कुनै जानकारी छैन । दाजु हुँदाहुँदै बहिनीलाई उत्तराधिकारीको प्रशिक्षण किन दिइँदै छ भन्ने विषय पनि स्पष्ट छैन । दक्षिण कोरियाली राजनीतिक विश्लेषक चेङ सेङ-चाङले गत महिना कुमसुसानको भ्रमण अर्थपूर्ण रहेको बताए ।

### घोषणापत्रमा शिक्षा............

भर्ना गराउनु मात्र होइन, उनीहरू विद्यालयमा पुगेपछि सिकिरहेका छन् कि छैनन् भन्ने सुनिश्चित गर्नु पनि हो । पछिल्ला राष्ट्रिय मूल्यांकनहरूले प्रारम्भिक कक्षादेखि नै गहिरो र दीर्घकालीन सिकाइ संकट देखाएका छन्, जुन माध्यमिक तहसम्म निरन्तर रहन्छ ।कक्षा ५ को राष्ट्रिय नतिजाले देखाउँछ– ७८ प्रतिशत विद्यार्थी गणितमा न्यूनतम दक्षता हासिल गर्न असफल छन् जबकि नेपाली, विज्ञान र अंग्रेजीमा पनि झन्डै आधा विद्यार्थी अपेक्षित स्तरमा पुग्न सकेका छैनन् । यसले धेरै बालबालिका प्राथमिक तह पार गर्दै जाँदा आधारभूत सीपहरू नसम्झी अघि बढिरहेको संकेत गर्छ । राष्ट्रिय पठन तथा संख्यात्मकता मूल्यांकन-२०२० ले अझै गम्भीर आधारभूत खाडल पुष्टि गर्छ । कक्षा ३ का विद्यार्थीहरूको औसत पठन उपलब्धि ४३.५ प्रतिशत र संख्यात्मकता ३७.२ प्रतिशत मात्रै छ र ९० प्रतिशतभन्दा बढी विद्यार्थी न्यूनतम पठन प्रवाह स्तरमा पुग्न असफल छन् । साभार ईकान्तिपुर ।

### "प्रधानमन्त्री" होइन,................

छ । तर लोकतन्त्र राम्रा व्यक्तिमा होइन, व्यवस्थित प्रणालीमा जीवित रहन्छ । हामीलाई इमानदार नेताको होइन, बेइमान बन्न नसक्ने प्रणालीको खाँचो छ । आज फेरि हामी 'नयाँ विकल्प' को खोजीमा छौं । नयाँ अनुहार देखिनेबित्तिकै आशा पलाउने गरेको छ । तर विचारका प्रश्नहरू गम्भीर छन् । के नयाँ अनुहार र आवरण परिवर्तन गर्नु नै विकल्प हुन् त ? वास्तवमा प्रवृत्ति उही रहेसम्म नयाँ पात्रले के तात्विक भिन्नता ल्याउन सक्छ ? रचनात्मक तथा सकारात्मक रूपमा आलोचना गर्ने नागरिकलाई शत्रु देख्ने मानसिकता, जवाफदेहिता शून्य रहने संस्कार र प्रश्नलाई षड्यन्त्र ठान्ने प्रवृत्ति आज पनि उस्तै छ । पुराना दलको साटो नयाँ दल नै समाधान हो भन्ने सोच पनि सतही छ । नयाँ दलभित्र पनि यदि निर्णय एक व्यक्तिमा केन्द्रित भयो, आलोचना सहन सकिएन र आन्तरिक लोकतन्त्र कमजोर रह्यो भने त्यो दल फगत पुरानै पुस्तकको नयाँ संस्करण बन्न पुग्छ । हामी यस विषयमा स्पष्ट हुन आवश्यक छ कि विकल्प व्यक्तिमा होइन विचार, नीति र प्रणालीमा हुन्छ । साभार ईकान्तिपुर ।

### संकटदेखि संरचनासम्म...

बासिन्दासँगै उद्योग तथा व्यापारिक सवारी साधनलाई समेत सहजता दिएको बताइएको छ । त्यस्तै, वीरगञ्ज-३१ सोलखपुर आसपास सडक स्तरोन्नतिमा ३ करोड, वीरगञ्ज-२२ मा सडक ढलानका लागि ३ करोड तथा मनियारी गाउँ पश्चिमतर्फ सडक स्तरोन्नति तथा ढलान-नाला निर्माणमा ३ करोड रुपैयाँको योजना अघि बढेको छ । वीरगञ्ज-२० स्थित गढीमाई मन्दिर जोड्ने सडक स्तरोन्नतिमा ३ करोड, वीरगञ्ज-२१ मा सडक निर्माणमा ३ करोड तथा वीरगञ्ज-११ श्रीपुरस्थित नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालय भवन निर्माणका लागि ३ करोड रुपैयाँ विनियोजन भएको जनाइएको छ । **साना तर प्रभावकारी योजना** ठूला आयोजनासँगै दैनिक जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने साना योजनाहरू पनि प्राथमिकतामा परेका छन् । वीरगञ्ज-१४ पिपरामा सडक निर्माणका लागि १ करोड, वीरगञ्ज-१५ भिस्वा त्रिशुल चोकदेखि सडक निर्माणमा ५० लाख, वीरगञ्ज-१२ नेशनल ट्रेडिङदेखि रेडियो वीरगञ्ज क्षेत्रसम्म सडक निर्माणमा ५० लाख, राधेमाई सडक निर्माणमा ५० लाख तथा वीरगञ्ज-१३ नयाँ टोलको ईदगाह परिसरभित्र पूर्वाधार विकासका लागि ६० लाख रुपैयाँ विनियोजन भएको छ । यसका अतिरिक्त १५ लाख, २५ लाख र ४० लाख रुपैयाँका दर्जनौं योजना विभिन्न वडामा सडक ढलान, नाला निर्माण तथा आधारभूत संरचना विस्तारमा कार्यान्वयन गरिएको बताइएको छ । **थप स्तरोन्नति योजना** यादवको पहलमा वीरगञ्ज महानगरपालिका वडा नं. ३१ प्रसोतीपुरदेखि कोनिया गाउँ सोलखपुर हुँदै रामबनसम्म सडक स्तरोन्नतिका लागि १ करोड, वडा नं. २१ इस्लामपुरदेखि जनता सडकसम्म १ करोड तथा वडा नं. २२ जगरनाथपुर आईसिपीदेखि पूर्वतर्फ १ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो । त्यस्तै, वीरगञ्ज-१८ मा सूर्य मन्दिर पोखरी सौन्दर्यकरणका लागि १ करोड तथा वीरगञ्ज-१२ पारस साहको घरदेखि मनिर मियाँको घर हुँदै राजेन्द्र साहको घरसम्म ढलान सडक निर्माणका लागि १ करोड रुपैयाँको योजना कअघि बढेको छ ।

# स्वास्थ्य

## उच्च रक्तचापको औषधि किन फरक-फरक हुन्छ ?



चिकित्सकले उच्च रक्तचाप भएकालाई फरक-फरक औषधि सिफारिस गर्छन् । यस्तो औषधि रक्तचापको मात्राअनुसार फरक हुन्छ वा अरु कारणले ? भन्ने जिज्ञासा हुनसक्छ । सामान्यतया उच्च रक्तचापलाई नियन्त्रणमा राख्न यस्तो औषधि दिइने गरिन्छ । रक्तचापको प्रकृति र मात्रा हेरेर कुन किसिमको औषधि दिने भन्ने चिकित्सकले सिफारिस गर्छन् । यस्तो औषधि व्यक्तिको अवस्थाअनुसार फरक हुने गर्छ ।

**डाइयुरेटिक्स (पिसाब बढी गराउने) औषधि** डाइयुरेटिक्स औषधिले शरीरमा भएको तरल पदार्थ (रगतमा भएको पानी) लाई पिसाबमार्फत बाहिर निकाल्न मद्दत गर्छ । त्यसैले यसलाई पानीको चक्की पनि भनिन्छ । यसले नसा र धमनीबाट प्रवाह हुने तरल पदार्थको मात्रा कम गर्छ । र, फलस्वरुप रक्तचाप कम हुन्छ । यो औषधि बिहान खाना खानुअघि वा खाना खाइसकेपछि खान सकिन्छ । किनभने यो औषधि खाइसकेपछि छिनछिनमा पिसाब आइराख्ने हुन्छ । त्यसैले बेलुका खाएमा छिनछिनमा पिसाब आउँदा सुत्न नसक्ने र झन् बिरामी हुने जोखिम हुन्छ । त्यसैले बिरामीको आवश्यकताअनुसार औषधिको डोज फरक-फरक दिन्छ । यी औषधि पाँचदेखि १० मिलिग्रामका हुन्छन्, जुन चिकित्सकको परामर्श लिएर मात्र खानुपर्छ । **बिटा ब्लकर** बिटा ब्लकर औषधि पनि रक्तचाप कम गर्ने औषधि हो । यसलाई बेटा-एड्रिनर्जिक रोक्ने एजेन्ट पनि भनिन्छ । यी औषधिहरूले ईपिनेफ्रिन हार्मोनको प्रभावलाई रोक्छ, जसलाई एड्रिनालिन पनि भनिन्छ । बिटा ब्लकर औषधिले मुटुलाई थप चाप नपर्ने गरी मुटु धड्कन बढाउन सहयोग गर्छ । र, उच्च रक्तचाप कम गर्छ । यो बिहान बेलुका जुनसुकै बेला खान सकिन्छ । तर दैनिक एउटै समयमा खानुपर्छ । **एन्जियोटेन्सिन रिसेप्टर ब्लकर (एआरबीएस)** एसीई औषधि (एन्जियोटेन्सिन कन्भर्टिङ ईन्जाइम) उच्च रक्तचापको अर्को औषधि हो । यसले एन्जियोटेन्सिनको प्रभावलाई रोक्छ, एन्जियोटेन्सिन त्यस्तो रसायन हो, जसले रक्तनलीहरू साँघुरो पार्छ । एन्जियोटेन्सिनको कामलाई रोकेपछि रक्तनलीहरूलाई फराकिलो बनाउन मद्दत गर्छ । रक्तनली फराकिलो भएसँगै रगत सजिलैसँग प्रवाह गर्न हुनुका साथै यसले रक्तचाप पनि कम गर्छ । यो बेलुका सुत्नुअघि खाँदा उपयुक्त हुन्छ ।

**एसीई अवरोधक (एन्जियोटेन्सिन कन्भर्टिङ ईन्जाइम ईन्हीबिटर)**
उच्च रक्तचापविरुद्धको एन्जियोटेन्सिन कन्भर्टिङ इन्जाइम (एसीइ) अवरोधक औषधिले नसा र धमनीहरूलाई आराम गराई रक्तचाप कम गर्न मद्दत गर्छ । एसीई अवरोधक औषधिले एन्जियोटेन्सिन टु (कलेजोले उत्पादन गर्ने एक प्रकारको प्रोटिन)को उत्पादनलाई रोक्छ । किनकि एन्जियोटेन्सिनले रक्तनली साँघुरो पार्ने गर्छ । यो औषधि बेलुका सुत्नुअघि खाँदा उपयुक्त हुन्छ । **सीसीबी (क्याल्सियम च्यानल ब्लकर)** क्याल्सियम च्यानल ब्लकर वर्गका उच्च रक्तचापविरुद्धका औषधिहरूले मुटुभित्र विद्युतीय प्रवाह कम गर्न गर्ने र धमनीलाई फराकिलो पार्ने काम गर्छ । फलस्वरूप रक्तचाप कम हुन्छ । उच्च रक्तचाप (हाई ब्लडप्रेसर), छाती दुखाइ (एन्जाइना) र मुटुको अनियमित चाल (एरिडमिया) नियन्त्रण

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# पर्सा २ मा उम्मेदवार चौधरीको घरदैलो एवं जनता दर्शन कार्यक्रम



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

नेपाली कम्युनिष्ट पार्टी पर्सा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार मनोज चौधरीले बहुरमाई नगरपालिका वडा नं. ४ को डोकैला र बहुअरीमा घरदैलो एवं जनता दर्शन कार्यक्रम गरेका छन् । घरदैलोका लागि गाउँ-वस्ती वस्ती पुगिरहेका चौधरीले जनतासँग प्रत्यक्ष संवाद गर्दै समस्या पहिचान गरी निर्वाचित भएलगत्तै त्यसको निदान गर्ने बाचा गरेका छन् । डोकैलामा घरदैलो गर्ने क्रममा नेता चौधरीले जनताको व्यापक समर्थन पाइरहेको सञ्चारकर्मीहरूलाई बताए । आफू जनताको समर्थन र सहयोग पाएर उत्साहित भएको उम्मेदवार चौधरीले दाबी गरे । घरदैलोमा नेता नगेन्द्र चौधरी, रामचन्द्र साह, किशोरी कुश्वाहा, बृजलाल पासवान, विपिन यादव, बिरेन्द्र यादव, सोम लामा, रामेश्वर मण्डल, दीपेन्द्र सिंह पटेल तथा स्थानीयहरूको समेत व्यापक रूपमा सहभागिता रहेको थियो । घरदैलोमा सहभागी नेताहरूले नेकपा समाजवादी आन्दोलनमा रहेको बताउँदै यो अभियानमा डोकैला र बहुअरीवासीको साथ र सहयोग पाउनेमा आफूहरू आशावादी रहेको बताए ।

# पर्सागढी-५ झिंगना टोलमा रास्वपा उम्मेदवार सुशील कुमार कानुको घरदैलो



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ फागुन ।**

रास्वपा पर्सा निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार सुशिल कुमार कानुले पर्सागढी नगरपालिका वडा नम्बर ५ झिंगना टोलमा घरदैलो तथा जनता दर्शन कार्यक्रम सम्पन्न गरेका छन् । प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सञ्चालन गरिएको उक्त कार्यक्रममा बुद्धिजीवी, ज्येष्ठ नागरिक, युवा, महिला तथा कृषक स्थानीयवासीको ठूलो संख्यामा सहभागिता र उत्साहजनक सहभागीता तथा समर्थन रहेको थियो । घरदैलोका क्रममा स्थानीयवासीले पर्सा-२ मा यसपटकको निर्वाचनले समाजमा सकारात्मक परिवर्तन ल्याउने आशा जागेको प्रतिक्रिया दिएका छन् ।
उम्मेदवार कानुले स्थानीयसँग प्रत्यक्ष संवाद गर्दै क्षेत्रका प्राथमिक समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले पचरुखि टोलसहित पर्सागढी क्षेत्रमा अस्पताल तथा स्वास्थ्य सेवा व्यवस्थापन सुधार, खेलकुद पूर्वाधार विकास, कृषकहरूलाई समयमै मल र सिंचाइका लागि पानी उपलब्ध गराउने विषयलाई प्राथमिकतामा राखेर पहल गरिने बताए । त्यसैगरी बेरोजगार युवाहरूलाई स्थानीय स्तरमै पशुपालनसम्बन्धी प्राविधिक सीप तालिम प्रदान गरी रोजगारीको अवसर सिर्जना गरिने योजना अघि सार्दै उनले निर्वाचित भएसँगै यी आधारभूत समस्याहरू चरणबद्ध रूपमा समाधान गरिने प्रतिबद्धता जनाए ।

# गौरबाट करदाता सेवा कार्यालय सार्न खोजिएपछि व्यापारीहरूको विरोध प्रदर्शन




**रौतहट,०१ फागुन ।**

गौरको मुख्य बजार क्षेत्रमा सञ्चालनमा रहेको करदाता सेवा कार्यालयलाई सिमरास्थित आन्तरिक राजस्व कार्यालयतर्फ सार्ने तयारी भएपछि स्थानीय व्यापारीहरू आन्दोलनमा उत्रिएका छन् । कार्यालयका सामान ट्रकमा लोड गरी सार्ने प्रयास गरिएपछि व्यापारीहरूले ट्रक नियन्त्रणमा लिएर बजार बन्द गराएका हुन् । रौतहट उद्योग वाणिज्य संघका पदाधिकारी तथा स्थानीय व्यापारीहरूले सडकमा बसेर विरोध प्रदर्शन गरेपछि क्षेत्रमा बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । आन्दोलनका कारण गौर बजार क्षेत्र प्रभावित बनेको छ । संघका महासचिव सन्तोष केसरीका अनुसार ट्रकमा लोड गरिएका सामान पुनः कार्यालयमै फिर्ता राखिएको छ ।

यसैबीच नेपाली कांग्रेसका युवा नेता नितेशकुमार गुप्ताले कार्यालय सार्ने प्रक्रिया पारदर्शी नभएको भन्दै सरकारको कदमप्रति आपत्ति जनाएका छन् । उनले करदाता सेवा कार्यालय गौरमै आफ्नै भवनबाट पूर्ण रूपमा सञ्चालन हुनुपर्ने पार्टीको अडान रहेको बताएका छन् । विगतमा प्रमुख जिल्ला अधिकारीसँग भएको सहमतिविपरीत कार्यालय सार्ने प्रयास गरिएकाले बाध्य भएर बजार बन्दसहित आन्दोलन गर्नुपरेको महासचिव केसरीले बताएका छन् ।

# बारामा आमाको नामबाट नागरिकता वितरण सुरु, पहिलो दिन दुई जनाले पाए



**बारा,०१ फागुन ।**

जिल्ला प्रशासन कार्यालय बाराले बाबुको पहिचान खुल्न नसकेका नागरिकलाई आमाको नामबाट अंगीकृत नेपाली नागरिकता दिने प्रक्रिया सुरु गरेको छ । पहिलो दिन बिहीबार दुई जनालाई नागरिकता प्रमाणपत्र प्रदान गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईका अनुसार कलैया उपमहानगरपालिका-५ की कान्तीदेवी कुर्मीका छोरा सुरत राउत तथा वडा नं. ४ की चन्दकुमारी क्षेत्रीका छोरा सागर सिंहलाई आमाको नामबाट अंगीकृत नागरिकता दिइएको हो । उनीहरूलाई प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले नागरिकता हस्तान्तरण गरेका थिए । नागरिकता पाएपछि दुवै जना भावुक बनेको प्रशासनले जनाएको छ । लामो समयदेखिको प्रतिक्षा पूरा भएपछि उनीहरूले खुसी व्यक्त गरेका थिए । यो प्रक्रिया नेपाल नागरिकता ऐन (दोस्रो संशोधन, २०६३) र नेपाल नागरिकता नियमावली (चौथो संशोधन, २०६३) अनुसार अघि बढाइएको हो । बाबुको पहिचान खुल्ने कुनै आधिकारिक कागजात नभेटिएको अवस्थामा आमाको नामबाट अंगीकृत नागरिकता प्रदान गर्न थालिएको सहायक प्रमुख जिल्ला अधिकारी भट्टराईले बताए ।
हाल थप १२ जना प्रक्रियामा रहेका छन् । आवश्यक कागजात रुजु भएपछि प्रमुख जिल्ला अधिकारीको सदरपछि मात्र नागरिकता प्रमाणपत्र उपलब्ध गराइनेछ । यसैबीच, कानुनी प्रावधानको दुरुपयोग हुन नदिन प्रशासन सतर्क रहेको जनाइएको छ । वडाबाट आउने सिफारिस र अन्य विवरणमा विशेष निगरानी राखिएको तथा यस कार्यका लागि छुट्टै तीन जना कर्मचारी खटाइएको कार्यालयले जनाएको छ । प्रशासनका अनुसार गैरनेपाली नागरिक भएका व्यक्ति तथा उनका पितृपक्षीय अभिलेख नदेखिएको, साथै २०३३ सालको बालिग रजिस्टरमा समेत नाम नभेटिएको अवस्थामा मात्रै आमाको नामबाट अंगीकृत नागरिकता दिने प्रावधान रहेको छ । यस्तो नागरिकताको अन्तिम स्वीकृति दिने अधिकार भने प्रमुख जिल्ला अधिकारीलाई मात्र रहेको कार्यालयले स्पष्ट पारेको छ ।

# किसानको सम्मान र अधिकारका लागि जनमत पार्टी प्रतिबद्ध :सरार्फ



**बीरगन्ज,०१ फागुन ।**

पर्सा क्षेत्र नम्बर १ बाट जनमत पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार ओमप्रकाश सरार्फले वीरगञ्ज महानगरपालिका वडा नम्बर १८ र २१ मा घरदैलो, भेटघाट तथा जनसंवाद कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रमका क्रममा उम्मेदवार सरार्फले तराई-मधेसको मुख्य आयस्रोत कृषि भए पनि राज्यले किसानसँग निरन्तर विभेद गर्दै आएको आरोप लगाए । उनले किसानको सम्मान, अधिकार र उचित मूल्य सुनिश्चित गर्न जनमत पार्टी सदैव प्रतिबद्ध रहेको स्पष्ट पारे । खेतीकिसानीलाई आधुनिकीकरण तथा व्यावसायिक बनाउँदै उत्पादन वृद्धि र आम्दानीका नयाँ अवसर सिर्जना गर्ने स्पष्ट योजना जनमत पार्टीसँग मात्र रहेको उनले जिकिर गरे । कृषि क्षेत्रमा प्रविधिको प्रयोग, सिँचाइ व्यवस्थापन, मल-बीउको सहज उपलब्धता र बजार सुनिश्चिततामार्फत किसानको जीवनस्तर उकास्ने लक्ष्य पार्टीले लिएको उनको भनाइ थियो ।

सरार्फले देश र मधेसको समग्र विकास तथा निकासका लागि जनमत पार्टी र सीके राउतको दूरदृष्टि आवश्यक रहेको उल्लेख गर्दै निर्वाचन चिह्न 'हर्न' मा मतदान गर्न मतदातासँग अपिल गरे । घरदैलो तथा जनसंवाद कार्यक्रममा नेता रम्भा मिश्रा, समानुपातिक उम्मेदवार विजय पासवान, श्याम शंकर चौरसिया, अनिता रौनियार, सत्युग साह, तुल्सी राम, सहनवाज राकी, अजित सिंह, मन्जय शर्मा, सुमित सिंह, रामबहादुर पासवान, सन्तोष पासवानलगायतको सहभागिता रहेको थियो। कार्यक्रममा स्थानीयवासीको उल्लेखनीय उपस्थिति देखिएको थियो ।

# रास्वपाले फागुन ७ गते सार्वजनिक गर्ने वाचापत्र

**काठमाडौं,०१ फागुन ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी फागुन ७ गते आफ्नो वाचापत्र सार्वजनिक गर्ने तयारी गरेको छ । फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रास्वपाले सो दिन वाचापत्र सार्वजनिक गर्ने निर्णय गरेको महामन्त्री कवीन्द्र बुर्लाकोटी ले जानकारी दिए । "फागुन ७ गते हामीले वाचापत्र सार्वजनिक गर्छौं र पार्टी सोही अनुसार तयारी पूरा गरेको छ," बुर्लाकोटीले भने ।निर्वाचन आयोगले सबै राजनीतिक दललाई फागुन ३ गतेभित्र घोषणापत्र वा वाचापत्र सार्वजनिक गर्न निर्देशन दिएको थियो । अहिलेसम्म नेपाली कम्युनिस्ट पार्टी र जसपा नेपालले आफ्ना घोषणापत्र सार्वजनिक गरिसकेका छन् । रास्वपा र जसपा आयोगले तोकेको मितिमा सार्वजनिक गर्ने तयारीमा छन् ।

# शिक्षा, रोजगार र सुशासन प्राथमिकतामा राख्दै जसपाको घोषणापत्र सार्वजनिक

**काठमाडौं,०१ फागुन ।**

जनता समाजवादी पार्टी नेपाल (जसपा) ले आगामी निर्वाचनलाई लक्षित गर्दै आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको घोषणापत्रमा शिक्षा, शासन प्रणाली, संविधान संशोधन तथा आर्थिक सुधारका विषयलाई प्राथमिकतामा राखिएको छ ।

जसपाले वर्तमान संविधानले मुलुकको समस्या समाधान गर्न नसकेको दाबी गर्दै उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गर्नुपर्ने आवश्यकता औंल्याएको छ । साथै शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्याय प्रणालीमा सुधार गर्दै सङ्घीय समाजवादी व्यवस्थालाई सुदृढ बनाउनुपर्ने उल्लेख गरिएको छ । घोषणापत्रमा शिशु कक्षादेखि उच्च शिक्षासम्म एकरूप, प्रविधिमैत्री, सिपमूलक र गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली निःशुल्क रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ ।

प ा ट ी ले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने, २०४७ सालदेखि हालसम्मका निर्वाचित जनप्रतिनिधि, प्रधानमन्त्री, मन्त्री तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने प्रस्ताव पनि अघि सारेको छ । यस्तै, वैदेशिक रोजगारीमा जाने




श्रमिकका लागि फ्रि भिसा र फ्रि टिकटको व्यवस्था लागू गर्ने, वैज्ञानिक भू-उपयोग तथा भूमिसुधार नीति लागू गर्ने, 'कृषि जमिनको चक्लाबन्दी र कृषिको आधुनिकीकरण गर्ने योजनासमेत घोषणापत्रमा समावेश गरिएको छ । जसपाले आगामी पाँच वर्षभित्र गरिबीको रेखामुनि रहेका जनसङ्ख्यालाई १० प्रतिशतमा झार्ने लक्ष्यसमेत राखेको जनाएको छ ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा